# दिव्योपदेशका सूक्तिहरूको विश्लेषण

*यमनाथ तिमिल्सिना, पिएचडी **

**SHIKSHYA SANDESH**
A Peer-Reviewed Multidisciplinary Journal, Indexed in NepJOL
ISSN: 2645-8721 (Print)
Year 13, Vol. 6, December 2023, pp. 19-29

**Published by**
Tribuvan University
Prithvi Narayan Campus
Faculty of Education
Pokhara, Nepal
E: shikshyasandesh@pncampus.edu.np
URL.: www.pncampus.edu.np

*Assistant Professor, Prithvi Narayan Campus, Tribhuvan University, Pokhara
Corresponding email:
*yemnathtimilsina@gmail.com*

**Article History:**
Submitted: 7 April 2023
Reviewed: 8 August 2023
Accepted: 7 October 2023

DOI:

Copyright information:Copyright 2023 Author/s and faculty of Education, Prithvi Narayan Campus Pokhara, Nepal

This work is licensed under a Creative Commons Attribution- Non-Commercial 4.0 International License.

## सार

*'दिव्योपदेशका सूक्तिहरूको विश्लेषण' शीर्षकको प्रस्तुत आलेख सूक्तिको सैद्धान्तिक अवधारणा र ऐतिहासिक पृष्ठभूमिमा दिव्योपदेशको विश्लेषण गर्ने उद्देश्यले तयार पारिएको हो । पृथ्वीनारायण शाहले आफ्नो जीवनको अन्तिमतिर भाइभारदारहरूलाई दरबारमा भेला गराएर राजकाजका निम्ति अत्यावश्यक नीति समेटेर दिएको मार्गदर्शन वा सूक्ति सङ्ग्रहलाई 'दिव्योपदेश (१८३१) भनिन्छ। आलेख तयार पार्ने सन्दर्भमा मूलतः पुस्तकालयीय कार्यको प्रयोग गरेर प्राथमिक तथा द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरी उक्त सामग्रीहरुको अध्ययनबाट प्राप्त भएका वस्तुतथ्यलाई तर्क, प्रमाण र दृष्टान्तका आधारमा पुष्टि गरिएको छ । अत्यावश्यक ठाउँमा पूर्वअध्येताहरूसँग संवाद गर्दै आलेखलाई पूर्णता दिइएको हो । सूक्तिको सैद्धान्तिक धरातल र ऐतिहासिक पृष्ठभूमिमा रहेर दिव्योपदेशमा व्यक्त सूक्तिहरूको विश्लेषण गर्दा अर्थनीति, उपदेश परम्परा, कूटनीति, कृषि तथा व्यापार, धर्मसंस्कृति, परराष्ट्रनीति, युद्धनीति, राजनीति, राष्ट्रप्रेमजस्ता चललाई मुख्य आधार मानी उक्त चलका आधारमा अध्ययन विश्लेषण गर्दा दिव्योपदेश सूक्तिका हिसाबले उत्कृष्ट नमुना देखिएको छ। शाहले आफ्ना भाइभारदारहरूलाई विभिन्न विषय समेटी छरिएकै रूपमा महत्वपूर्ण अर्ती-उपदेश दिएका छन् । दिव्योपदेशमा व्यक्त विचार, अनुभव र अनुभूति समयसापेक्ष, ओजन्दार र गहन छन् । यस्तो महत्त्वपूर्ण कृतिको सूक्तिका आधारमा विश्लेषण भएको पाइँदैन । तसर्थ यस आलेखमा यही रिक्ततालाई पूर्णता दिने काम गरिएको छ । विभिन्न चलहरूका आधारमा दिव्योपदेशमा प्रस्तुत सूक्तिहरूको विश्लेषण नयाँ कार्य भएकाले यस आलेखको औचित्य पुष्टि हुन्छ । समाजशास्त्रीय कोणबाट पनि अध्ययन गर्न मिल्ने दिव्योपदेशलाई यहाँ सूक्तिको सैद्धान्तिक अवधारणाका आधारमा चलहरू चयन गरी त्यही आधारमा विश्लेषण गरी समयसापेक्षित महत्त्व रहेको निष्कर्ष दिइएको छ ।*

***विशेष शब्द*** *: कुरुक्षेत्रको मेला, जाई कटक, पैठ हुनु, भाइभारदार, रागतान*

## विषय परिचय

गोरखाका दूरदर्शी एवम् राष्ट्रवादी राजा पृथ्वीनारायण शाह (वि.सं. १७७९-१८३१) ले नेपाल एकीकरणको अभियान चलाएर काठमाडौं उपत्यकासमेत कब्जा गरे । त्यसैले उनलाई विशाल नेपाल निर्माणका नायक मानिन्छ। काठमाडौंलाई केन्द्रीय राजधानी बनाई नुवाकोट पुगेको समय (१८३१) अर्थात् जीवनको अन्तिम अवस्थामा गुरुपुरोहित, भाइभारदार, ज्योतिषी, पण्डित आदि आफन्तलाई भेला गराई पृथ्वीनारायण शाहले दिएको उपदेशको सँगालो नै 'दिव्योपदेश' हो । यस कृतिमा शाहले आफ्ना जीवन भोगाइ र युद्ध मैदानका अनुभव र अनुभूतिलाई समेटेर भावी पुस्तालाई सूक्तिका माध्यमबाट ज्ञान हस्तान्तरण गरेका छन्। दिव्योपदेशमा दुई शब्दको योग भएको छ- 'दिव्य' र 'उपदेश' । 'दिव्य' भनेको अलौकिक वा विशिष्ट हो भने 'उपदेश' भन्नाले सन्देश तथा मार्गदर्शनलाई बुझाउँछ ।

कहीं शीर्षक दिएर त कहीं शीर्षक नदिएर दिव्योपदेशको सम्पादन गरिएको पाइन्छ । यस कृतिमा प्राचीन नेपाली भाषाको प्रभाव तथा मध्यकालीन नेपाली भाषाका विशेषता समेटिएका छन् । दिव्योपदेशका सूक्तिहरूको विश्लेषण' शीर्षकको यो आलेख अनुसन्धानमा आधारित समसामयिक महत्त्व बोकेको ऐतिहासिक विषयवस्तुमा केन्द्रित छ ।

राम्ररी भनिएको, मिठो तरिकाले व्यक्त गरिएको सुन्दर कथन नै सूक्त हो भने

वैदग्ध्यपूर्ण र वाक्चातुर्यको प्रधानता भएको परिपूर्ण वाक्यात्मक कथनलाई सूक्ति भनिन्छ। सूक्तिको अध्ययनबाट प्राचीन युगको समाज र इतिहासको वस्तुस्थिति खुलाउन सहयोग पुग्दछ। सूक्तिको साहित्यिक प्रयोजन भन्नु नै दृष्टान्त दिनु हो। लोकव्यवहारमा दृष्टान्तका रूपमा प्रयोग गरिने हुँदा सूक्तिलाई दृष्टान्तको सशक्त माध्यम मानिएको पाइन्छ। सूक्ति लेख्यबाट कथ्यतिर लम्कन्छन्। स्रष्टाद्वारा मौलिक सिर्जनाहरू आइसकेपछि मात्र सूक्तिको जन्म, विकास र वृद्धि हुने गर्दछ। सूक्ति समयनिष्ठ र लिखित अभिव्यक्ति हो। यो पाठ्य साहित्यमा मात्र फेला पर्छ। सूक्तिमा बुद्धितत्त्वको प्रधानता रहेको हुन्छ। 'दिव्योपदेश' पनि शाहको साहित्यिक (गद्यआख्यानेतर) झिल्का मिसिएको निबन्धात्मक कृति हो। यसमा अनेक विषयका अलग अलग सूक्तिहरू प्रभावोत्तेजक किसिमले व्यक्त गरिएका छन्। दिव्योपदेशका सूक्तिहरू शाहका मौलिक सिर्जना हुन्। त्यही पाठ पढेर पाठकले ती सूक्तिहरूलाई लेख्य व्यवहारबाट कथ्य व्यवहारतिर डोऱ्याइरहेका हुन्छन्।

पछिल्लो पुस्तालाई ज्ञान हस्तान्तरण गर्ने क्रममा शाहले भनेका र भारदारमध्येकै कुनै एक व्यक्तिले लेखेको सूक्तिहरूको सङ्ग्रह अर्थात् उपदेशको गुजुल्टो 'दिव्योपदेश' हो। ससुरालीमा दाइजोसम्बन्धी खटपट परेपछि शाह नुवाकोटबाट काठमाडौँ उपत्यकाको वस्तुस्थिति बुझ्न चन्द्रागिरिमा पुग्दछन्। चन्द्रागिरिबाट काठमाडौँको नजर भएपछि सिङ्गो नेपालको राजा हुने महत्त्वाकाङ्क्षा शाहमा जाग्दछ। त्यही क्रममा शाहले गुरुपुरोहित, ज्योतिषी, पण्डित, भारदार, मामासमेतलाई भेला गराएर नेपाल एकीकरणका बारेमा विमर्श गर्दछन्। सल्लाहबमोजिम काठमाडौँ कब्जा गरी नेपाल एकीकरण गरेको कुरा यहाँ उल्लेख गरिएको छ। शाहले सूक्तिका रूपमा राजनीति, अर्थनीति, समाजनीति, परराष्ट्रनीति, कूटनीति, युद्धनीति, देशप्रेमको नीतिलाई बेजोड ढङ्गले प्रस्तुत गरेका छन्।

सूक्तिका बारेमा संस्कृत भाषामा धेरै अध्ययन भएको पाइन्छ तर नेपाली भाषामा सूक्तिको खासै अध्ययन भएको पाइँदैन। पृथ्वीनारायण शाहले दिव्योपदेशमा व्यक्त गरेका सूक्तिलाई पनि नेपालीमा अर्ती-उपदेशमा मात्र सीमित गरिएको छ। यहाँ भएका सूक्तिहरूको व्यवस्थित अध्ययन भएको पाइँदैन। 'दिव्योपदेश' कृति र त्यहाँ भएको सामग्रीका बारेमा सामान्य अध्ययन मात्र भएको पाइन्छ। बालकृष्ण पोखरेलले सम्पादन गरेको 'पाँच सय वर्ष' (२०२०, २०४३) मा दिव्योपदेशको मूल पाठ राखिएको छ। पोखरेलले त्यहाँ दिव्योपदेशमा प्रयुक्त केही जटिल शब्दलाई अर्थ्याएका पनि छन्। अन्य पक्षको अध्ययन गरेका छैनन्। त्यसैगरी नयराज पन्त (२०४२) ले दिव्योपदेशको शुद्ध रूप छपाएका छन् भने केही शब्दार्थ दिएका छन्। खगेन्द्रप्रसाद लुइँटेल (सन् २०२०) ले 'पृथ्वीनारायण शाहका दिव्योपदेशको वस्तुवादी विश्लेषण' को आलेख प्रकाशित गरेका छन्। त्यहाँ पनि विषयवस्तुको बुँदागत चर्चा मात्र गरिएको छ। त्यस्तै यमनाथ तिमिल्सिना (२०८०) ले 'दिव्योपदेशको समाज भाषावैज्ञानिक विश्लेषण' शीर्षकको आलेख प्रकाशित गरेका छन्। त्यस आलेखमा पनि सूक्तिको अध्ययन गरिएको छैन। अग्रज विद्वान्हरूबाट दिव्योपदेशका बारेमा सामान्य चर्चा भए पनि दिव्योपदेशमा व्यक्त सूक्तिहरूको अध्ययन विश्लेषण अझैसम्म पनि भएको छैन। यो अध्ययनको रिक्तता हो। यही रिक्ततालाई पूर्णता दिने उद्देश्यले यो आलेख तयार गरिएको हो। नयाँ कार्य भएकाले यस कार्यको औचित्य पुष्टि हुन्छ। केही साहित्यिक गुण भएको नेपाली भाषाको पहिलो विशिष्ट आख्यानेतर गद्य कृति दिव्योपदेश एकातिर भाषिक दृष्टिले महत्त्वपूर्ण छ भने अर्कातिर राष्ट्रिय हितका दृष्टिले विशिष्ट छ। जीवनोपयोगी प्रसङ्गमा विभिन्न विषयवस्तुलाई समेटी सूक्ति प्रस्तुत गरिएको दिव्योपदेश ऐतिहासिक महत्त्व बोकेको उपलब्धिपूर्ण कृति हो।

## समस्याकथन र उद्देश्य

पृथ्वीनारायण शाहका सूक्तिहरूको सङ्ग्रह वा निबन्धात्मक शैलीको नेपाली भाषाको पहिलो आख्यानेतर गद्य साहित्यिक कृति दिव्योपदेश हो । विभिन्न विषयक्षेत्र समेटिएको दिव्योपदेशमा पाइन्छ। भाषिक दृष्टिले जटिल तथा छिरलिएका भावना, विचार र अनुभूतियुक्त दिव्योपदेशलाई समेटेर व्यवस्थित अध्ययन गर्ने कार्य नै समस्यामूलक रहेको छ। यिनै कुरालाई ख्याल गरी यहाँ निम्न समस्यालाई शोधप्रश्नका रूपमा राखिएको छ -

(क) पृथ्वीनारायण शाहले दिव्योपदेशमा व्यक्त गरेका सूक्तिहरूको के कस्तो अध्ययन विश्लेषण भएको छ ?

उक्त समस्याको समाधानार्थ यस आलेखमा निम्न उद्देश्य राखिएको छ -

(क) पृथ्वीनारायण शाहले दिव्योपदेशमा व्यक्त गरेका सूक्तिहरूको विश्लेषण गर्नु।

## अध्ययनको विधि र प्रक्रिया

दिव्योपदेशका सूक्तिहरूको विश्लेषण शीर्षकको अध्ययन कार्य मूल रूपमा गुणात्मक प्रकृतिको रहेको छ। अध्ययन कार्यलाई व्यवस्थित गरी आलेख तयार पार्ने सन्दर्भमा पुस्तकालयीय कार्यको उपयोग गरिएको हो। आलेखलाई आवश्यक सामग्री पुस्तकालयबाट सङ्कलन गरी सैद्धान्तिक तथा व्यावहारिक ज्ञान प्राप्त गरियो । प्राथमिक स्रोतको सामग्री पृथ्वीनारायण शाहको 'दिव्योपदेश' र द्वितीयक स्रोतका सामग्रीका लागि यस आलेखसँग सम्बन्धित किताब, लेख, समीक्षा, सूक्तिसम्बन्धी सैद्धान्तिक ज्ञानलाई प्रयोग गरिएको छ। आवश्यक सामग्रीहरूको पठन तथा विश्लेषणबाट प्राप्त सूचना वा तथ्यलाई वर्णनात्मक ढाँचामा विश्लेषण गरिएको छ। दिव्योपदेशका सूक्तिहरूको विश्लेषण गर्दा सूक्तिका बारेमा लेखिएका सैद्धान्तिक अवधारणाका आधारमा

विभिन्न चलहरू निर्माण गरी लेखकीय दावी र दावीलाई पुष्टि गर्न दिव्योपदेशको सन्दर्भ र प्रसङ्गहरूलाई प्रमाणका रूपमा प्रस्तुत गरिएको छ। प्रस्तुत आलेखसँग सम्बन्धित पूर्व-अध्येताहरूसँग सन्दर्भअनुसार संवाद गर्दै आलेखलाई प्राज्ञिक बनाइएको छ। शीर्षकीकरण, सन्दर्भाङ्कन, सन्दर्भ सामग्रीसूची, अनुच्छेद विन्यासको व्यवस्थापन तथा सम्पादनका लागि एपिए सातौँ संस्करणलाई अनुसरण गरी आलेखलाई पूर्णता दिइएको छ।

## सैद्धान्तिक अवधारणा

मधुर आर्ष वाणीहरूलाई सूक्त भनिन्छ। त्यस्तै आर्ष वाणीबाट प्रभावित लौकिक-काव्यिक परम्पराका चोटिला लाक्षणिक र आलङ्कारिक भनाइलाई सूक्ति भन्दछन्। लोकले बारम्बार प्रयोग गर्दै आएका सारगर्भित, शाश्वत वाणीचाहिँ लोकोक्ति हुन्। लोकोक्तिहरू सूक्ष्म र बृहत् मानवीय ज्ञानका घनीभूत रत्न हुन्।

सूक्तिहरू सूत्रका रूपमा प्रयोग गरिन्छन्। व्यावहारिक कथन, भाषा र साहित्यमा सूक्तिको प्रयोग गरिन्छ। सूत्र वाक्यलाई पनि सूक्ति भनिन्छ। भाषामा सूक्ति र लोकोक्ति कुरा बुझाउँदा र दृष्टान्त दिँदा प्रयोग गरिन्छन्। यिनीहरू विज्ञका सुन्दर कथनहरूमा प्रयुक्त हुन्छन्। नेपाली भाषामा मोतीराम भट्टको उखानको बखानमा सूक्ति छ तर उक्त कृति आजकल उपलब्ध छैन। लोकोक्तिमा उखान, टुक्का र सूक्ति पर्दछन्। यो आलेख सूक्तिसँग मात्र सम्बन्धित भएकाले यहाँ उखान र टुक्काको अध्ययन गरिएको छैन।

शब्द र अर्थबाट वाक्यको उत्पत्ति भए झैँ श्लोकभित्रका वाक्य र वाक्यांशबाट सूक्तिको उत्पत्ति हुन्छ। जन्म, आविर्भाव र पैदा हुनुलाई उत्पत्ति भनिन्छ। सूक्ति प्रयोजन र उद्देश्यसँग सम्बन्धित हुने गर्दछ। "सामान्यजन र विद्वान्को कथनबाट सूक्तिको उत्पत्ति हुन्छ। विद्वान्हरूद्वारा मनन चिन्तन गरी कथ्यका बिच बिचमा वा रचनागर्भको सन्दर्भ पारेर महत्त्वपूर्ण सूत्र वा उक्ति जन्मन्छन्" (तिमिल्सिना, सन् २०१९, पृ. ४४)। दिव्योपदेशका सूक्ति सामान्यजनको कथनबाट नभई अनुभवी र खारिएको शासकका कथनबाट प्रादुर्भाव भएका छन्।

'सु' उपसर्ग पूर्वमा हुने 'वच्' धातुमा 'क्तिन्' प्रत्यय लागेर सूक्ति शब्द जन्मन्छ। सूक्तिको अर्थ राम्रो भनाइ हो। 'सु' उपसर्गले राम्रो, भलो, उत्तम, श्रेष्ठ आदि अर्थ दिन्छ। तसर्थ राम्रो, भलो, उत्तम, श्रेष्ठ आदि कथनलाई सूक्ति भनिएको हो। उत्तम कथन, उत्तम भाषण, शुद्ध वाक्य, राम्रो वा सौहार्दपूर्ण भाषण, चातुर्यपूर्ण कथन, वैदिक ऋचाको विशिष्ट अंश वा स्तुति र यथोचित वाक्यलाई सूक्ति भनिन्छ। सूक्तियुक्त वाक्य, सुन्दर पद, सुन्दर वाक्य पनि सूक्तिकै अन्यार्थ हुन्। "सु-शोभना हृदयहारिणी वा उक्तिर्भणितिः कथनं वेति सूक्तिः" (आप्टे, सन् १९६९, पृ. ११०९)। संस्कृत शास्त्रमा असल र सौहार्दपूर्ण कथन (भाषण) लाई नै सूक्ति मानिएको पाइन्छ। शास्त्रमा श्रुतिबाट सूक्त आएका हुन्छन् भनिएको छ। यस्तो अवस्थामा सूक्तका स्रष्टा को हुन् भन्न सकिँदैन, यहाँ 'सुष्ठु' अर्थ दिने गरी सूक्त शब्दको प्रयोग भएको पाइन्छ। यो शब्द वेदमा प्रयोग भएको छ। त्यसैले राम्ररी भनिएको, मिठो तरिकाले व्यक्त गरिएको सुन्दर कथन नै सूक्त हो।

अङ्ग्रेजी भाषामा सूक्तिलाई पपुलर सेइङ (Popular Saying) भनिएको पाइन्छ। "अङ्ग्रेजीमा प्रोभव (Proverb) फ्रेन्च भाषाबाट आएको शब्द हो। फ्रेन्च प्रोभवलाई ल्याटिनमा प्रोभवविअममा प्रयोग गरिएको छ। अङ्ग्रेजीको प्रोभवले साझा काममा प्रयोग गरिने छोटो भनाइलाई बुझाउँछ। एरिस्टोटलले तात्त्विक ज्ञानका भग्नावशेषबाट खोजेर फेला परेका र संरक्षण गरिएका अमूल्य टुक्रा सूक्ति हुन् भनेका छन्" .(शर्मा, २०५७, पृ. भूमिका)। यसरी पूर्व र पश्चिमका भनाइका आधारमा पनि वैदग्ध्यपूर्ण र वाक्चातुर्यको प्रधानता भएको परिपूर्ण वाक्यात्मक कथनलाई सूक्ति मान्न सकिन्छ। सूक्तिका लक्षण यसप्रकार छन्- "सूत्रात्मकता, निष्कर्षात्मकता, सारगर्भिता, विदग्धता (चलाख/सदरिया), भावुकता, मार्मिकता र चमत्कारिता" (तिमिल्सिना, सन् २०१९, पृ. ५१-५५)। "उक्त लक्षणले परिपूर्ण भएका सूक्तिको अध्ययनबाट प्राचीन युगको समाज र इतिहासको वस्तुस्थिति खुलाउन सहयोग पुग्छ" (तिमिल्सिना, सन् १९९९, पृ. ५७)। तसर्थ सूक्तिको साहित्यिक प्रयोजन नै दृष्टान्त पस्कनु हो। लोक व्यवहारमा उदाहरणका रूपमा प्रस्तुत गरिने हुँदा सूक्ति दृष्टान्तका सशक्त माध्यम बनेका हुन्छन्। विज्ञ वा जीवनजगत् बुझेका मान्छेले सूक्तिको प्रयोग गर्दछन् र त्यसलाई समाजले ग्रहण गर्दछ। पृथ्वीनारायण शाहका सूक्ति पनि अत्यन्तै मार्मिक र हृदयस्पर्शी छन्। ऐतिहासिक भएर पनि शाहका सूक्तिहरूको समसामयिक महत्त्व रहेको छ।

दिव्योपदेशका सूक्तिहरूको विश्लेषणका लागि विभिन्न चलहरूको चयन गरियो - अर्थनीति, उपदेशपरम्परा, कूटनीति, कृषि तथा व्यापार, धर्मसंस्कृति, परराष्ट्रनीति, युद्धनीति, राजनीति, राष्ट्रप्रेम। यिनै चलहरूका आधारमा पृथ्वीनारायण शाहले दिव्योपदेशमा व्यक्त गरेका सूक्तिहरूको अध्ययन विश्लेषण गरियो।

## नेपाली भाषाको ऐतिहासिक पृष्ठभूमिमा दिव्योपदेश

नेपालमा धेरै मानिसको मातृभाषा तथा दोस्रो मातृभाषा हुनेहरूको पनि सम्पर्क भाषा नेपाली नै हो। नेपालको संविधान (२०७२) ले नेपाली भाषालाई मुख्य राष्ट्रभाषाका साथै प्रशासनिक भाषाको स्थान दिएको छ। "नेपाली भाषाको उत्पत्ति भारोपेली भाषा परिवारको सतम् वर्गअन्तर्गत आर्य-इरानेली शाखाको आर्येली उपशाखा हुँदै प्राचीन भारतीय आर्यभाषा, मध्यकालीन भारतीय

आर्यभाषा र आधुनिक भारतीय आर्यभाषाका रूपमा भएको हो" (शर्मा, २०००, पृ. १४०-१४८)। यसलाई यसरी पनि बुझ्न सकिन्छ- "आर्येली उपशाखाबाट संस्कृत-प्राकृत-अपभ्रंश हुँदै आधुनिक आर्यभाषाका रूपमा नेपाली भाषाको विकास भएको हो। सात वटा अपभ्रंश भाषा (सौरसेनी, महाराष्ट्री, मागधी, अर्धमागधी, पैशाची, ब्राचड र खस) बाट आधुनिक आर्य भाषाको विकास भएको हो। तीमध्ये नेपाली भाषाको विकास खस अपभ्रंशको पहाडी भाषा हुँदै पूर्वी पहाडीबाट भएको हो" (द्विवेदी, १९९७, पृ. ४७६-४८०)। यसरी विकसित नेपाली भषालाई खस कुरा, पर्वते बोली र गोर्खा भाषा पनि भनिएको पाइन्छ।

नेपाली भाषा देवनागरी लिपिमा लेखिन्छ। "देवनागरी लिपिको विकास ब्राह्मी लिपिको उत्तरी शैलीबाट विकसित गुप्त लिपि हुँदै कुटिल लिपि तथा प्राचीन नागरीबाट भएको हो" (शर्मा, २०७४, पृ. १४३)। "देवनागरी लिपिको प्रयोग धेरै भाषामा हुने गरेको पाइन्छ। देवनागरी लिपिमा लेखिएको आधुनिक आर्य भाषाको अहिलेसम्म पाइएको सबैभन्दा पुरानो नमुना दसौँ शताब्दीको चन्द्र वरदाइको 'पृथ्वीराज रासउ' हो" (बिम्स, १८७२, पृ. १५-१६)। यसपछि आधुनिक आर्यभाषाहरूले लिखित रूप प्राप्त गरेको पाइन्छ।

नेपालमा नेपाली भाषा कहिलेबाट बोल्न सुरु गरियो, यसको लेखाजोखा हुन सकेको छैन। आदिपाल तथा नागराजका वंशजहरूले नेपाली भाषा बोल्दथे। कुमाउ, गढवालतिरबाट आदिपालहरू नेपाल प्रवेश गरेका थिए भने मुसलमानहरूको तिरस्कारबाट जोगिन शक वा खस र लाङ्गा वा मगरहरू तिब्बतको खारी प्रदेश पुगेका थिए। तिब्बतको मानसरोवर क्षेत्र सनातनीहरूको आस्थाको केन्द्र थियो। तिब्बतमा म्रङ जाति बौद्ध धर्मावलम्बी लामा सम्प्रदायमा विश्वास गर्दथ्यो। सुरुमा शक र लाङ्गा दुवैले बौद्ध धर्मअन्तर्गत नाग धर्म मानेको पाइन्छ। यिनीहरू लामा सम्प्रदायका विरोधी थिए। त्यसैले म्रङ्कोसँग यिनीहरूको बेमेल भयो। त्यसपछि यिनीहरू कर्णाली प्रदेशको सिंजामा आए र राज्य कब्जा गरे।

"सिंजामा पहिले सपादलक्षका स्वामी जालन्धरी राजा थिए। भेरी (मल्लभूमि) का मल्लहरूले यो राज्य खोसेपछि सिंजा मल्लहरूको अधीनमा रह्यो। त्यसलाई नागराजले जितेपछि सिंजा खारी प्रदेशका मातहतमा आयो। त्यसपछि खारी प्रदेशका नागराजले नेपालको पश्चिमी भेगमा आई सिंजाराज्य स्थापना गरी नियम बाँधी दिए" (योगी, २०१२/०१३, पृ. ५८-६१)। "नागराजले जावेश्वरको राजधानी सिंजामा आफ्नो राज्यको प्रमुख राजधानी निर्माण गरी नाति चापिल्ललाई स्थानीय प्रशासक बनाए" (पोखरेल, २०७५, पृ. ६१५)। यसरी हेर्दा सिंजाराज्यमा कहिले आदिपालको नेतृत्व रह्यो भने कहिले नागवंशको आधिपत्य कायम भयो। यिनै सिंजासाम्राज्यका शासकहरूले सनातनी तथा विद्वान्को भाषा संस्कृत, बौद्ध धर्मावलम्बीको भाषा तिब्बती र जनसाधारणको भाषा खस (नेपाली) लाई अभिलेखमा टङ्कण गराए। "खस राजाहरूले नै नेपाली भाषाको प्रयोग गरी सर्वप्रथम नेपाली भाषाप्रति राजकीय आदर प्रदर्शन गरे" (यात्री, २०५३, पृ. ४९-५०)। यहीँबाट नेपाली भाषाले लेख्य रूप प्राप्त गरेको पाइन्छ।

नेपाली भाषामा हालसम्म पाइएका अभिलेखहरूमध्ये दामुपालको शिलालेख (वि.सं. १०३८) सर्वप्राचीन हो भन्दै यात्रीले दावी गरे (यात्री, २०३९, पृ. ९६)। यस अभिलेखलाई इतिहासकार तथा विद्वान्हरूले प्रमाणित हुन नसकेको भनी विरोध जनाए। त्यसपछि अहिलेसम्म प्राप्त यस भेगको पहिलो लिखित प्रमाण तथा आजसम्म प्राप्त नेपाली भाषाको सर्वप्राचीन रूप पनि यही हो भन्दै मोहनप्रसाद खनालले वामु खड्काको स्तम्भलेख (वि.सं. ११५१) प्रकाशित गरे (खनाल, २०६८, पृ. १७-१९)। जसको भाषिक रूप यसप्रकार छ- 'स्वस्ति। श्री साके १०१६ पिछ्यक वामु षडगहाको कीर्ति षंभ। शुभ।' यो नै नेपाली भाषामा लेखिएको पहिलो अभिलेख हो। यसपछि थुप्रै नेपाली अभिलेखहरू टङ्कण गरिएको पाइन्छ। "नेपाली भाषामा लेखिएको पहिलो वाङ्मय ग्रन्थ 'भास्वती' (१३९०) हो" (पोखरेल, २०४३, पृ. ९-१२)। यो २ पृष्ठमा संरचित ज्योतिष विषयसँग सम्बन्धित छ। भास्वतीपछि थुप्रै नेपाली वाङ्मय ग्रन्थहरू लेखिएका छन्। अशोक चल्ल, जितारि मल्ल, आदित्य मल्ल, पुण्य मल्ल, पृथ्वी मल्ल मेदिनी वर्मा आदिका अभिलेखहरू नेपाली भाषामा टङ्कण गरिएका छन्। त्यसैगरी खण्डखाद्य, जातक कर्मपद्धति, बाजपरीक्षा, ज्वरोत्पत्ति चिकित्सा, प्रायश्चित्त प्रदीप, औषध रसायन, अजीर्ण मञ्जरीजस्ता महत्वपूर्ण वाङ्मय ग्रन्थको पनि रचना भएको पाइन्छ। यही पृष्ठभूमिमा वि.सं. १८३१ मा पृथ्वीनारायण शाहको दिव्योपदेश लेखिएको पाइन्छ। यसका लेखकको नाम खुलाइएको छैन तापनि लेखक दरबारिया भारदारमध्ये एक हुनुपर्छ भनी विद्वान्हरूले अनुमान लगाएका छन्। पृथ्वीनारायण शाहले आफूले आर्जन गरेको ज्ञान भाइभारदारलाई सुनाएका र कुनै व्यक्तिले टिपोट गरेको महत्त्वपूर्ण कृतिको नाम हो- दिव्योपदेश। यस कृतिको ऐतिहासिक महत्त्व त छँदै छ, समसामयिक महत्त्व पनि उत्तिकै छ।

## दिव्योपदेशमा प्रयुक्त सूक्तिहरूको विश्लेषण

प्राचीन तथा मध्यकालीन नेपाली भाषाका विशेषता बोकेको अर्थात् कथ्य नेपालीको सङ्लो र जीवन्त रूप प्रस्तुत भएको 'दिव्योपदेश' भाषिक दृष्टिले उत्कृष्ट कृति हो। यस कृतिमा विभिन्न विषयक्षेत्रका गहन, सारपूर्ण, प्रभावशाली र पथप्रदर्शन गर्ने खालका सूक्तिहरू छन्। यी सूक्तिहरूका स्रष्टा पृथ्वीनारायण

शाह हुन्। दिव्योपदेशमा व्यक्त गरिएका सूक्तिहरू छरिएर रहेका छन्। लेखकले विभिन्न विषयलाई संश्लेषण गरी मिलाएर प्रस्तुत गर्न सकेको देखिँदैन। शाहले जुन जुन प्रसङ्गलाई जे जसरी भने लेखेकले त्यसरी नै प्रस्तुत गरे। यसरी हेर्दा दिव्योपदेशमा लेखकको प्रभाव देखिँदैन।

सूक्तिको सैद्धान्तिक अवधारणा र दिव्योपदेशको ऐतिहासिक पृष्ठभूमिको अध्ययनबाट पृथ्वीनारायण शाहले दिव्योपदेशमा व्यक्त गरेका सूक्तिहरूको विश्लेषणका लागि निम्न चलहरूको चयन गरिएको छ- अर्थनीति, कूटनीति, कृषि तथा व्यापार, धर्मसंस्कृति, परराष्ट्रनीति, युद्धनीति, राजनीति, राष्ट्रप्रेम। कुनै कुनै सूक्तिहरू एउटै चलमा सीमित नभएर अन्य चलमा पनि परेका छन्। त्यस्तो अवस्थामा एक ठाउँमा मात्र विश्लेषण गरिएको छ।

## अर्थनीति

राष्ट्रको आर्थिक पक्षलाई चलायमान बनाउन देशले अङ्गीकार गर्ने नीतिलाई अर्थनीति भनिन्छ। अर्थनीति राम्रो भयो भने देशले आर्थिक प्रगति गर्न सक्छ। अर्थनीति नै प्रस्ट हुन सकेन वा अलमलमा पर्‍यो भने देशले आर्थिक सङ्कट भोग्नु पर्दछ। पृथ्वीनारायण शाह अर्थनीतिमा प्रस्ट थिए। देशको आर्थिक उन्नतिका लागि शाहले दिएको मार्गदर्शनमा व्यक्त भएका सूक्तिहरू यसप्रकार रहेका छन्-

### अदालतको पैसा दरबारभित्र नहुल्नु

पृथ्वीनारायण शाहको पालामा अहिलेको जस्तो अदालत थिएन। कचहरी बसेर न्याय अन्याय छुट्ट्याउँथे। अदालतको कार्य कचहरीले गर्दथ्यो। पृथ्वीनारायण शाहले कचहरीपिच्छे एकएकजना पण्डित (शास्त्र जानेको, न्याय हेर्न सक्ने व्यक्ति) राख्नू भनेका छन्। नागरिकहरूका बिचको झैँझगडा, मुद्दामामिला, कुनै घटना वा अपराधमा संलग्न कसुरदारलाई त्यस बेला कचहरी (अदालत) ले दण्डसजायका रूपमा पैसा तोक्दो रहेछ। यसरी कसुरदारबाट अदालतमा उठाइएको पैसा दरबारमा मिसाउनु हुँदैन भन्ने कुरा पृथ्वीनारायण शाहले भनेका छन्। कुनै व्यक्ति अन्यायमा परी दण्ड बुझाएको पनि हुन सक्छ। त्यस्तो अवस्थामा उसको पैसा दरबारमा जम्मा गर्दा असत्यको दोष लाग्न सक्छ। त्यसैले बरु त्यस्तो पैसा दरबार नहुली वा ढुकुटीमा जम्मा नगरी फकिर, जोगी-सन्न्यासी, ब्राह्मण आदिलाई भोजन खुवाउन वा दक्षिणा गर्नमा खर्चनु राम्रो हुन्छ भनेका छन्। असतको रकमलाई शाहले इन्कार गरेका छन्।

### आफ्नो देशको जरीबुटी देष लैजानु र नगद षैंचनु

नेपालको हिमाली भेगमा पाइने महत्त्वपूर्ण जडीबुटीहरूको पहिचान गरी त्यस्ता मूल्यवान् जडीबुटीहरू विदेश लगेर बेच्नू अनि नगद खिच्नू भन्ने पृथ्वीनारायण शाहको सन्देश छ। नेपालले जडीबुटीलाई आम्दानीको स्रोत बनाउन सक्नुपर्छ। यसो गरे देश माग्ने बन्दैन भन्ने शाहको विश्वास छ। नेपालका जडीबुटीहरू अहिले पनि वर्षामा कुहिएर नष्ट भएका छन्। पृथ्वीनारायण शाहले भनेझैँ गरियो भने विदेशी मुद्रा आर्जन गर्ने एउटा भरपर्दो विकल्प जडीबुटी हुन सक्छ। देश हाँक्नेहरूको ध्यान यता जानु जरुरी छ।

### देशका कपडा लगाउनलाई मनाही गरिदिनु

यहाँ देश भनेर विदेशलाई सङ्केत गरिएको छ। पृथ्वीनारायण शाह आफ्नै देशमा जानीनजानी बुनेका कपडा लगाउनुपर्छ भन्थे। विदेशी कपडा लगाउँदा देशको ढुकुटी रित्तिन्छ र कङ्गाल भइन्छ भन्ने उनको मान्यता थियो। उनी सबै नेपालीले नेपालमा उत्पादन गरेका घरेलु कपडा लगाउनुपर्छ भन्ने सोचमा थिए। यसो गर्दा देशको नगद विदेश जाँदैन, यहीँका उद्योगले काम पाउँछन्। त्यसैले कसैलाई पनि विदेशी कपडा लगाउन नदिनू, मनाही गर्नू भनेका छन्। साँच्चै स्वदेशी कपडालाई प्राथमिकता दिने हो भने नगद पनि बाहिर जाँदैन, देशका स्वदेशी उद्योगले फस्टाउने मौका पाउँछन्। पृथ्वीनारायण शाहको सूक्ति यहाँ स्मरणीय छ।

### प्रजा मोटा भया दरबार बलियो रहन्छ

पृथ्वीनारायण शाह जनता (प्रजा) लाई हुनेखाने बनाउनुपर्छ भन्ने सोचमा देखिन्छन्। जनता हुनेखाने, धनीमानी भए वा पुगिसरी आउने भए दरबारलाई खाँचो पर्दा आर्थिक सहयोग मिल्छ। जनता गरिब र कमजोर भए राज्यलाई आवश्यक हुँदा धन असुल्न सकिन्न। त्यसैले शाह प्रजा धनी भए दरबार शक्तिशाली रहन्छ, दरबार बलियो भए शत्रुसँग लड्न सकिन्छ भन्ने मान्यता राख्छन्।

### रागतानमा नभुल्नु, देशको ढिकुटी नखोल्नु

“नेपालको नजिकै मुगलाना रहेछ। त्यहाँ छोकडा पत्रिया रहेछन्। चित्रकार (कलाकार) ढोलक सितारको रागतानमा भुल्छन्। रागतानमा बडो ठुलो मोहो हुन्छ र दवलथ पनि खोलिन्छ। देशको भेद पनि तिनैले लैजान्छन् र हरिपले दगा गर्छ” (तिमिल्सिना, २०६३, पृ. ४९१ )। मुग्लानमा तरुणीहरू यौन व्यापारमा संलग्न हुँदा रहेछन् भन्दै शाहले रागतानमा भुल्दा र यौनधन्दामा लाग्दा धेरै सम्पत्ति सकिने कुरा बताउँदै गलत कामतिर नलाग्न सुझाव दिएका छन्। त्यसैले विदेशी कलाकार बोलाएर दरबारमा नाटक नहेर्नू, नदेखाउनू। रागतानले व्यक्तिलाई कमजोर बनाउँछ र स्वार्थमा व्यक्तिले धन खन्याउँछ। यसो भयो भने देश कङ्गाल बन्छ, धन विदेशीले खिच्छन्। तसर्थ मनोरञ्जनका लागि नेवारहरूको नाच झिकाई हेर्नू। यसो भए देशको धन देशमै रहन्छ।

### षानी भयाका ठाउँमा गाउँ भया पनि गाउँ अरू जग्गामा सारीकन पनि षानी चलाउनु

पृथ्वीनारायण शाह दूरदर्शी राजा थिए। गाउँबस्तीमा खानी भए गाउँ अन्यत्रै सारेर भए पनि खानी खोल्नुपर्छ भन्ने मान्यता उनमा थियो। खानीबाट हुने आम्दानीले गाउँ अन्त सार्न सकिन्छ। बस्ती छ भनेर खानी रोक्नु हुँदैन भन्ने उनको सन्देश छ।

## उपदेश परम्परा

अग्रजले अनुजलाई, जाने बुझेकाले जान्न बुझ्न चाहनेलाई दिने अर्ती-सन्देश र मार्गदर्शनलाई उपदेश भनिन्छ। नेपाली समाजमा उपदेशपरम्परा पहिलेदेखि अहिलेसम्म कायमै छ। श्रुतिपरम्परामा आधारित उपदेश दिने चलन नेपाली समाजको मौलिक पहिचान पनि हो। दिव्योपदेशमा पृथ्वीनारायण शाहले आफूले जीवन जगत् बाट प्राप्त गरेका अनुभव र अनुभूतिलाई सूक्तिका माध्यमबाट प्रभावकारी ढङ्गले व्यक्त गरेका छन्। शाहले व्यक्त गरेको उपदेशपरम्परामा आधारित सूक्ति यसप्रकार छ -

### बूढा मरै भाषा सरै

व्यक्ति जन्मन्छ, बढ्छ, बुढो हुन्छ अनि मर्छ। भाषा व्यक्तिजस्तै मर्दैन, एक पुस्ताबाट अर्को पुस्तामा सर्छ, सर्दै जान्छ। पृथ्वीनारायण शाहले यही दिव्योपदेश दिँदा उक्त कुरा सुरुमै भनेका छन्। मेरा कुरा तिमीहरूले सुन्छौ, तिमीहरूले यिनै कुरा मेरा छोरा-नातिलाई सुनाउँछौ भनेर मैले यहाँ तिमीहरूलाई मेरा कुरा सुनाएको हुँ। म मर्छु तर मेरा यी कुरा तिमीहरूले भाषाका माध्यमबाट अर्को पुस्तामा हस्तान्तरण गर्न सक्छौ। त्यसैले भाषा मर्दैन, हस्तान्तरण हुँदै जान्छ भनेर शाहले बताएका छन्। हुन पनि पृथ्वीनारायण शाह मरे तर उनका यी उपदेश अमर छन्। यी उपदेश भाषाका माध्यमबाट पुस्तौँ पुस्ता सर्दै आएका छन्। पछिसम्म सर्दै जाने छन्।

## कूटनीति

राष्ट्र-राष्ट्रका बिचको राजनीतिक सम्बन्ध वा त्यस्तो सम्बन्ध दक्षतापूर्वक सञ्चालन गर्ने नीतिलाई कूटनीति भनिन्छ। पृथ्वीनारायण शाहले काठमाडौँ उपत्यकामाथि आक्रमण गर्न पूर्व लमजुङका राजा रिपुमर्दन शाहसँग सन्धि गरेका थिए। लमजुङसँग शत्रुता रहिरह्यो भने काठमाडौँ उपत्यका जित्न सकिने थिएन। शाहले लमजुङसँग सन्धि गरेर कूटनीतिक चातुर्य प्रस्तुत गरेका छन्। त्यस्तै अङ्ग्रेजहरूको खतरा महसुस गरी शाहले पूर्व-पश्चिमको बाटो बन्द गरी नेपालको बाटो चलाउने कुरालाई जोड दिएका छन्। त्यसरी नै विदेशी महाजनहरूलाई पर्सागढदेखि उँभो आउन नदिनू भनेका छन्। विदेशी नेपाल पसे भने हामीलाई कङ्गाल बनाउँछन् भन्ने शाहको धारणा रहेको पाइन्छ। बाहिर हल्ला नगरी आन्तरिक रूपमा आफू बलियो हुनुपर्छ भन्ने मान्यता शाहमा भेटिन्छ। दिव्योपदेशमा व्यक्त भएका कूटनीतिसम्बन्धी सूक्तिहरू यसप्रकार छन्-

### देशका महाजनहरू हाम्रा मुलुकमा आया भन्या दुनियाँ कंगाल गरिछाड्छन्

पृथ्वीनारायण शाह विदेशीसँग सतर्क छन्। शाहका अनुसार नेपालीहरू धेरै सीधासाधा छन्, विदेशीहरू छट्टु हुन्छन्। उनीहरूसँग लगानी गर्ने धन छ। नेपालीसँग त्यस्तो धन छैन। केही गरी व्यापार गर्ने निहुँमा विदेशी महाजनहरू नेपाल भित्रिए भने तिनले नेपालीलाई कङ्गाल पारिदिन्छन् भन्ने उनको धारणा थियो। त्यसैले उनी विदेशी त्यसमा पनि दक्षिणको छिमेकी भारत अझ उसलाई शासन गर्ने अङ्ग्रेजहरू जो धेरै चतुर छन्, तिनलाई नेपालमा कहिल्यै आउन दिनुहुँदैन भन्ने मान्यतामा अडिग छन्।

### पूर्वपश्चिमका षस - बाहुनलाई दरबारमा पैठ हुन नदिनु

दरबारमा बाहिरको मान्छे भित्रियो भने परिवारमा बेथिति निम्त्याउँछ। त्यसैले पूर्व र पश्चिमका खस-बाहुनलाई दरबारमा प्रवेश नदिनू भन्ने उनको धारणा छ। भाइभारदारभन्दा बाहिरका मान्छेसँग पृथ्वीनारायण शाह तर्सँदा रहेछन्। खस बाहुनले भाइभारदारको एकता टुटाइदिन्छन् कि भन्ने सन्देह उनमा देखिन्छ। उनी बढी जान्ने मान्छेलाई पनि दरबारमा भित्र्याउन चाहँदैनथे। कोही बाहिरको मान्छेले भित्री कुरा थाहा पायो भने आफ्नो कमजोरी देखिन्छ भन्नेमा उनी सतर्क थिए।

#### रागतानमा नभुल्नु, देशको ढिकुटी नखोल्नु

यसको विश्लेषण अर्थनीतिमा गरिएको छ।

## कृषि तथा व्यापार

किसानले गर्ने कर्मलाई कृषि भनिन्छ। राष्ट्रको कृषिनीति राम्रो नभए कृषिमा उन्नति गर्न सकिँदैन। नेपालको कृषि परम्परागत र निर्वाहमुखी मात्र छ। पृथ्वीनारायण शाहमा कृषिसम्बन्धी प्रस्ट दृष्टिकोण रहेको पाइन्छ। त्यस्तै व्यापार तथा उद्योगधन्दासम्बन्धी पनि शाहमा स्पष्ट धारणा भएको पाइन्छ। विदेशी सामान नल्याई आफ्नै सिपका घरेलु उद्योग चलाई आत्मनिर्भर हुने कुरा दिव्योपदेशमा व्यक्त भएको पाइन्छ। शाह विदेशी कपडालाई प्रतिबन्ध लगाउँदै र आफ्नै तानमा कपडा बुनी प्रयोग गर्न सुझाउँछन्। त्यस्तै नेपालका जडिबुटी विदेश लगी नगद खिच्नु पर्ने कुरामा शाहले जोड दिएका छन्। कृषि तथा व्यापारसम्बन्धी शाहले व्यक्त गरेका सूक्तिहरू यसप्रकार छन्-

#### आफ्नो देशको जरीबुटी देष लैजानु र नगद षैंचनु

यस सूक्तिको विश्लेषण अर्थनीतिमा गरिएको छ।

**गरो बन्ने जगामा घर भया घर अरू जगामा सारी कुलो काटी षेत बनाई आवाद गर्नु**

पृथ्वीनारायण शाह स्पष्ट दृष्टिकोण भएका दूरदर्शी शासक थिए। उनी खेतीयोग्य जमिन मासेर घर बनाउन चाहँदैनथे। उनी त गह्रो बन्न सक्ने ठाउँमा वा समथर मैदानमा घरबस्ती भए सो उठाएर भिराला पाखामा जहाँ खेती हुँदैन त्यहाँ घरबस्ती बसाउनुपर्छ भन्ने मान्यता राख्थे। कुलो बनाई खेत आबाद गर्नुपर्छ भन्ने उनको सोच थियो। पृथ्वीनारायण शाहको नीति विपरीत अहिले सम्म परेको वा मैदान जग्गालाई प्लटिङ गरी धान रोप्ने खेत मासिएको छ। पहाडपाखाका बस्ती बेसीमा झरेका छन्। यसले खाद्यसङ्कट निम्त्याउन सक्छ। उब्जाउ भूमिमा घरकटेरा बनाउनुहुन्न, त्यहाँ त अन्न फलाउनुपर्छ भन्ने कुरा दिव्योपदेशमा छ।

## धर्मसंस्कृति

व्यक्ति तथा समाजको हित वा व्यवस्थाका निम्ति अँगालिने कर्म वा कर्तव्यलाई धर्म भनिन्छ। पहिलेदेखि राम्रो मानेर वर्तमानसम्म निरन्तर कायम गरिएको राम्रो कुरालाई संस्कृति भनिन्छ। पृथ्वीनारायण शाहले गणेश, कालिका र गोरखनाथको स्मरण र दर्शन गरेको प्रसङ्गले धर्मसंस्कृतिलाई उजागर गरेको छ। शाहले आफ्ना तीन आमाका पाँच सन्तानलाई पञ्च पाण्डवका अवतारका रूपमा उल्लेख गरी युद्ध जितिने कुरालाई अघि सारेका छन्। त्यस्तै सल्यानकोटकी देवीको दर्शन गरेको, सपनामा सात-आठ वर्षकी केटीले खड्ग आफूलाई दिएको तथा केही चिज (दही) निल भनेको कुरा जैसी (ज्योतिषी) लाई सुनाएको र जैसीले देवीको दर्शन भएछ बलि चढाएर माईको पूजा गरौँ भनेपछि त्यसै गरेको र युद्धका लागि साइत गरी हिँडेको कुराले धर्मसंस्कृतिप्रतिको विश्वास रहेको प्रस्ट हुन्छ। धर्म संस्कृतिसम्बन्धी शाहको सूक्ति यस्तो छ -

**यो फुलबारीका छोटा-वडा चारै जात् छत्तिस वर्ण सबै मिलेर असल हिन्दुराष्ट्र हो, कुलाधर्म नछोड्नु**

शाहका अनुसार यो (देश) एउटा फूलबारी हो। यहाँका सानाठूला सबै जात सबै वर्ण यसका बास्नादार फूल हुन्। यो फूलको सहअस्तित्वमा बगैँचा मगमगाउँछ। त्यसैले सबै जातजाति मिलेको नेपाल वास्तविक हिन्दुराष्ट्र हो। सबैले आफ्नो कुलधर्म नछोड्नू, आफ्नो संस्कृति नतोड्नू भनेर पृथ्वीनारायण शाहले सबैलाई सचेत गराएका छन्। सबै जातजाति मिलेर नेपाललाई उन्नत हिन्दुराष्ट्र कायम गराइरहनुपर्छ भन्ने उनको सन्देश छ। अहिले भने संविधानले नेपाललाई धर्मनिरपेक्ष राष्ट्र मानेको छ। पृथ्वीनारायण शाहको धर्मसापेक्ष हिन्दुराष्ट्र भने अहिले रहेन। नेपाली जनताहरू अझै पनि हिन्दुराष्ट्रका पक्षमा वकालत गरिरहेका छन्, राज्यले सुनवाई गरेको छैन।

## परराष्ट्रनीति

एउटा राष्ट्रले अर्को राष्ट्रसँग व्यवहार गर्दा तथा पारस्परिक सम्बन्ध राख्दा अँगालिने नीति वा सिद्धान्तलाई परराष्ट्रनीति भनिन्छ। पृथ्वीनारायण शाहले दिव्योपदेशमा चिनका बादशाहसित ठुलो मित्रता (घा) राख्नू भनेका छन् भने हिन्दुस्थानलाई दबाइराखेको दक्षिणी बादशाह (अङ्ग्रेज) महाचतुर छ, त्यसदेखि होसियार रहनू भनेका छन्। त्यसैगरी विदेशीलाई सकभर नेपालमा आउन नदिनू भन्ने शाहको भनाइ रहेको छ। विदेशी आए भने हाम्रो वास्तविकता बुझ्छन् र हामीलाई नै कङ्काल बनाउँछन् भनिएको छ। शाहले व्यक्त गरेका परराष्ट्रसम्बन्धी सूक्तिहरू यसप्रकार रहेका छन्-

**जाई कटक नगर्नु झिकी कटक गर्नु**

पृथ्वीनारायण शाह छिमेकीसँग मिलेर बस्नुपर्छ भन्दछन्। आफूले छिमेकीसँग निहुँ नखोज्नू, छिमेकीले नै निहुँ खोज्यो भने जाइलाग्नू, चुप नलाग्नू भनेका छन्। कोही आफूमाथि आइलाग्छ भने सहेर नबस्नू, जाइलाग्नू भन्ने उनको उपदेश छ। अन्याय नगर्नू, कसैले अन्याय गर्छ भने उसलाई बाँकी नराख्नू, सिध्याउनू भन्ने कुरा दिव्योपदेशमा पाइन्छ।

**यो राजे दुई ढुङ्गाको तरुलजस्तो रहेछ, थामी षानन्**

विशाल देश भारत र चिनका बिचमा रहेको नेपाललाई पृथ्वीनारायण शाहले तरुलको संज्ञा दिएका छन्। तरुलले ढुङ्गासँग निहुँ खोज्दा तरुललाई नै चोट पुग्ने हुँदा दुवै छिमेकीसँग कूटनीतिक सम्बन्ध बढाई सकभर मित्रता कायम गर्नुपर्छ, निहुँ खोजेर हिँड्नु हुँदैन भन्ने सन्देश यहाँ छ। छिमेकीलाई चिढ्याएर नेपालको हित गर्न गाह्रो भएकाले दुवै छिमेकीसँग समदूरीको मित्रता कायम गरी देश जोगाएर खानू भन्ने शाहको उपदेश छ। हुन पनि हो, नेपालले दुवै छिमेकीसँग मित्रता बढाएर अघि बढ्दा नै नेपालको राष्ट्रियता सुरक्षित हुन सक्छ। नेपाल छिमेकीसँग चिडिँदा नेपालको हित हुँदैन। बेलाबेलामा नेपालको छिमेकीसँग कूटनीतिक सम्बन्ध बिग्रिएको देखिन्छ। पृथ्वीनारायण शाहकै नीति अवलम्बन गरेमा नेपाल सुरक्षित रहन सक्छ।

## युद्धनीति

परस्पर विरोधी दुई दल वा देशका बिचमा एकले अर्कालाई दमन गर्ने हराउने, मार्ने आदि उद्देश्यले गरिने आक्रमणलाई युद्ध भनिन्छ भने त्यही युद्धसम्बन्धी कुनै दल वा देशले बनाएको नीतिलाई युद्धनीति भनिन्छ। दिव्योपदेशमा शाहले ग्यामी रानालाई महामण्डल छोडी आफूतिर आइज भन्नु, कचहरीमा बसेको बेला तन्द्रामा आजको सात दिनमा ठुलो साइत छ त्यही दिन आक्रमण गरे नुवाकोट जितिन्छ भन्ने शाहलाई महसुस हुनु र जैसीको मनमा पनि त्यही रहनुले युद्ध गर्दा साइत पनि चाहिने, तयारी पनि हुनुपर्ने कुरालाई

यहाँ उठाइएको छ। युद्धको तयारीका लागि ककनी र शिवपुरीमा ठाना राखी मोर्चा कसेको प्रसङ्ग उल्लेख गरिएको छ। त्यस्तै परशुराम थापाले गडबडी गरेको थाहा पाएपछि झागल गुरुङमार्फत थापालाई मारेको तथ्य पनि उठाइएको छ। त्यस्तै हजारौँ धनु, बन्दुक, तोप भए इन्द्रको आसन पनि डग्मगाउँछ भन्दै शस्त्र सङ्ग्रह गरेको कुरा पनि समेटिएको छ। युद्धमा साम, दाम, दण्ड, भेद सबै नीति अख्तियार गर्नुपर्ने कुरामा जोड दिइएको पाइन्छ। युद्धसम्बन्धी शाहले व्यक्त गरेका सूक्तिहरू यसप्रकार छन्-

**कुपको पानी षन्याछेउ बुदि पनि हुदैन, सुरो पनि हुदैन**

पृथ्वीनारायण शाहले काठमाडौँ उपत्यकाका मानिसलाई लक्षित गरी उक्त कुरा भनेका हुन्। पहाडपाखाको पानी खाएका मान्छे बलिया, साहसी र शूरवीर हुन्छन् भने खाल्डामा वा सम्म ठाउँमा बसेका मानिसमा बुद्धि पनि कम हुन्छ, शूरवीर पनि हुँदैनन् भनी आफ्ना मान्छेलाई सुऱ्याउने क्रममा शाहले भनेका हुन्। उपत्यकाका मान्छेलाई पहाडपर्वतका मान्छेले सजिलै जित्न सक्छ भन्ने उनको विश्वास हो।

**कुरुक्षेत्रको मेला नभई नेपाल फुट्न्या छैन**

पृथ्वीनारायण शाहले काठमाडौँ उपत्यकालाई नजर लगाएपछि उनमा काठमाडौँ उपत्यका (नेपाल) को शासक बन्न पाए भन्ने चाहना बढ्यो। त्यसै क्रममा शाहले आफ्ना मामासँग के गरेर उपत्यका कब्जा गर्न सकिन्छ भनी सोधे। त्यसको जवाफमा उनका मामा भन्छन्- "पाण्डव र कौरवको कुरुक्षेत्रमा जस्तो लडाइँ भएको थियो त्यस्तै लडाइँको तयारी नगरी नेपाल (उपत्यकाका राज्य) फुटाउन सकिन्न। उपत्यकाका राज्य फुटाएर एकएक गरी कब्जा गर्न'पर्छ।" मामाले भनेअनुसार नै उपत्यकाका राज्य फुटाएर पृथ्वीनारायण शाहले एकीकरण गरेका हुन्। मामाको अर्तीबमोजिम आफू चलेको र फुटाएर राज्य कब्जा गरेको स्मरण दिव्योपदेशमा छ। 'फुटाऊ र कब्जा गर' भन्ने नीति यहाँ पाइन्छ।

**पाँडेको ढाल बस्न्यातको तरवार गरी**

पृथ्वीनारायण शाहले सेनामा पाँडे र बस्न्यातलाई प्राथमिकता दिनुपर्ने धारणा व्यक्त गर्छन्। शाहलाई पाँडे र बस्न्यातले सहयोग गरेकाले यी सधैँ सेनामा इमान्दार हुन्छन् भन्ने लागेको छ। उनका सन्तानलाई सेनामा राख्नू भन्ने उनको विचार दिव्योपदेशमा पाइन्छ। पाँडेको ढाल र बस्न्यातको तरबारले नेपाल एकीकरण गरिएको उनको सोचाइ छ।

**लम्जुङ भनेको गरुड हो, गोर्खा भनेको सरप हो, नेपाल भन्याको भ्यागुतो हो। अघि गरुडको आँषा छल्नु तब सरपले भ्यागुतो खान पाउँछ**

पृथ्वीनारायण शाह लमजुङदेखि डराउँथे। नेपाल एकीकरण पनि गर्नु थियो, लमजुङबाट आफू जोगिनु पनि थियो। अब कसो गर्ने होला भनी उनले आफ्ना मामासँग सोधे। मामाले लमजुङको आँखा छलेर वा उसले थाहै नपाउने गरी काठमाडौं उपत्यकामा आक्रमण गर्नुपर्छ भनेर सिकाए। मामाले उपत्यका भ्यागुतो भएकाले सर्परूपी गोरखाले जित्छ भनेको कुरा दिव्योपदेशमा शाहले स्मरण गरेका छन्। मामाको सल्लाहअनुसार उपत्यकाका राज्य फुटाएर पृथ्वीनारायण शाहले कब्जा गरे।

## राजनीति

नागरिकलाई शान्ति सुरक्षा दिने, नागरिकका मौलिक अधिकारको कदर गर्ने, राज्यको शासन पद्धति निर्धारण गर्ने, राष्ट्रिय र अन्तर ष्ट्रिय नीतिको उपयुक्त सन्तुलन मिलाउने र यस्तै अन्य काम गर्ने नीतिलाई राजनीति भनिन्छ। पृथ्वीनारायण शाहले विराज बखेतीलाई कजाइँ दिने विचार गरेर पनि बाइसी, चौबीसी जनताको राय बुझ्दा कालु पाँडे ठिक ठहरिएपछि कालु पाँडेलाई नै कजाइँ दिएको प्रसङ्ग उठाइएको छ। राजाले सेवकलाई घरमा नमार्नू, युद्धमा पठाइदिनू भनेको प्रसङ्गबाट राजा जिम्मेवार हुनुपर्ने कुरालाई दिव्योपदेशमा जोड दिइएको पाइन्छ। पाँडे, बस्नेत, पन्त, मैयाद, मगर आदिलाई आलोपालो गरी खान (पद) दिनू भनेको कुराले गुनलाई नभुल्नु भन्ने  निर्देश गरेको पाइन्छ। राजाले ठुलो न्याय निसाफ हेर्नू, मुलुकमा अन्याय हुन नदिनू भन्ने विचारले राजनीतिमा सुशासन चाहिन्छ भन्ने कुरालाई जोड दिएको पाइन्छ। अदालतमा ठकुरीलाई डिठ्ठा, मगरलाई विचारी बनाई प्रत्येक कचहरी (न्यायलय) मा एक जना पण्डित राखी न्यायशास्त्रअनुसार अदालत चलाउनू भन्ने सन्देश दिएर पृथ्वीनारायण शाहले राष्ट्रमा न्याय, सुशासन, जनचाहनाको कदर गर्ने शासक हुनुपर्छ भन्ने दूरदृष्टि प्रस्तुत गरेका छन्। राजनीतिसम्बन्धी शाहका सूक्ति यसप्रकार रहेका छन्-

**दुनिया जस्देखि राजी हुन्छन्, उस्सैलाई कजाई दिनू :**

राजा वा सरकारले जनता (दुनियाँ) लाई राजीखुसी राख्नुपर्छ। पृथ्वीनारायण शाहका पालामा काजी पदको चुनाव हुँदैनथ्यो। राजाले कुनै व्यक्तिलाई कजाइँ दिन्थे। काजीले नियमित प्रशासन हेर्नुपर्थ्यो। शासकले व्यक्ति छान्न पाउने अधिकार भए तापनि जनताले चाहेको व्यक्ति छान्नुपर्छ भन्ने पृथ्वीनारायण शाहको मान्यता थियो। उनले आफूले 'बिराज वषेति' लाई कजाइँ दिन चाहेको तर सबैसँग बुझ्दा कालु पाँडे नै ठीक छन् भनेकाले कालु पाँडेलाई कजाइँ दिएको बताएका छन्। यसबाट थाहा हुन्छ कि पृथ्वीनारायण शाह लोकको सहमतिमा काम गर्थे। शासक निरङ्कुश हुनु हुँदैन भन्ने उनको मान्यता थियो। जनताको

चाहनाबमोजिम राजा वा सरकार चल्नुपर्ने मान्यता उनमा भेटिन्छ ।

**निज्रा निसाफ बिगार्ने भनेको घुष दिन्या र घुष षान्या हुन्**

पृथ्वीनारायण शाहले घुस दिने र घुस लिने वा खाने दुवैलाई राष्ट्रका शत्रु भनेका छन् । घुसले नियम बिगार्छ, अनुशासन तोड्छ । घुसले मान्छेको बानी बिगार्छ र पक्षपात निम्त्याउँछ । त्यसैले घुस दिने र घुस खाने दुवैले राष्ट्रको अहित गर्दछन् । घुस खानेलाई मात्र दण्ड गरेर पुग्दैन, घुस दिनेलाई पनि दण्ड गरी नियम बसाल्नुपर्छ भनी शाह उपदेश दिन्छन् । हुन पनि हो, घुस दिने र घुस खाने दुवैले नियम भत्काउँछन् र अराजकता निम्त्याउँछन् । पृथ्वीनारायण शाहले भनेझैँ घुस नियन्त्रण गरी देशलाई भ्रष्टाचारबाट मुक्त राख्नुपर्छ ।

**मेरा साना दुखले अर्जेको मुलुक् होइन**

शाह गोरखाका राजा हुँदा नेपाल बाइसे, चौबीसे राज्यमा विभाजित थियो । काठमाडौँ उपत्यकामा विभिन्न मल्ल राज्य थिए भने पूर्वतिर किराँत राज्यहरू थिए । नेपाल टुक्राटुक्रामा विभाजित थियो । पृथ्वीनारायण शाहले विभाजित राज्य कमजोर हुने र कुनै बेला शक्तिशाली राज्यले कब्जा गर्न सक्ने ठानेर सबैलाई मिलाएर एक सिङ्गो (अखण्ड) राज्य निर्माण गर्ने सपना देखे । त्यसैअनुरूपको योजना बनाए । वर्षौंवर्ष लडाइँमा खटे र धेरैजसो राज्यलाई एउटै राज्यमा गाभे । यो धेरै दुःखले आर्जेको राज्य अखण्ड नै रहोस् भन्ने उनको धारणा थियो । नेपाल एकीकरणको महायात्रामा शाहले धेरै दुःख खेप्नु परेको पनि थियो । त्यसैले उनले आफ्ना सन्तानलाई राज्य नटुक्र्याउन र अखण्ड राख्न निर्देशन दिए । यो सबै जातको फूलबारी हो, सबैलाई चेतना होस् भनेर उनले सचेत गराए ।

**राजा (राज्य ) का सार भनेका रैती र सिपाही हुन् तिषारिराख्नु**

पृथ्वीनारायण शाह राज्य थामी खान रैती (जनता) र सिपाही (सुरक्षाकर्मी) लाई राजीखुसी राख्नुपर्छ अनि परेको बेला काम फत्ते गर्न सक्नेगरी तालिम दिइरहनु पर्दछ भन्दछन् । सिपाहीलाई धेरै पैसा कमाउन पनि नदिनू, परिवारको चिन्ता हुने गरी पनि नराख्नू भन्छन् । पैसा कमाए सिपाहीले भनेको समयमा काम दिँदैनन् । परिवारको चिन्ता भए सुरिएर अघि सर्दैनन् । "सिपाही भया तथा भैभारदार भया उनलाई दवलथ् कमाउन नदिनू । आदमी हेरी हुर्मत मात्र राखी दिनु क्यान भनौला भने दवलथ् भयाकाले तरबारमा पसी मर्न मार्न सक्तैनन् र हरिपको चमक हुन्छ" ( तिमिल्सिना, २०६३ : ४९० ) । त्यसैले सिपाहीका परिवारलाई घरखेत दिई काममा लगाउनू । यसो भए तालिम प्राप्त अरूका सिपाही पनि लोभिएर हाम्रा फौजमा आउँछन् । फौज बलियो रहन्छ । रैतीलाई आफ्ना बनाइरहनू, परिआएको समयमा साथ दिन्छन् । रैतीलाई नचिढाउनू । प्रजा मोटा भया दरबार बलियो रहन्छ ।

## राष्ट्रप्रेम

नागरिक, सरकार तथा सर्वाभौमसत्ता सम्पन्न भएको कुनै देशलाई राष्ट्र भनिन्छ भने त्यही राष्ट्रलाई सबैभन्दा बढी माया, सद्भाव, विश्वास गर्नुलाई राष्ट्रप्रेम भनिन्छ । पृथ्वीनारायण शाह राष्ट्रवादी शासक भएकाले उनले दिएको मार्गदर्शनमा जहाँ पनि राष्ट्रप्रेम पाउन सकिन्छ । देशलाई राम्रो बनाउनु, सुरक्षित राख्नु, नागरिकका हक अधिकारको संरक्षण गर्नु, विदेशीलाई आफ्ना कुरा नखोल्नु, कूटनीतिक हिसाबले परराष्ट्र सम्बन्ध कायम राख्नु, खेती हुने ठाउँमा बस्ती भए बस्ती सारी खेती गर्नु, खानी भएका ठाउँमा गाउँ भए गाउँ अन्तै सारी खानी खोल्नु, देशको जडिबुटी विदेश लगी विदेशी मुद्रा खिच्नु, रागतानमा भुलेर पैसा नफाल्नु, राज्यमा सुशासन कायम गर्नु, युद्धमा मरेका व्यक्तिका सन्तानलाई मरवट दिनु, नुन गुनको सोझो चिताउनु जस्ता सबै कुरा राष्ट्रप्रेमभित्र पर्दछन् । राष्ट्रप्रेमसम्बन्धी सूक्तिलाई अन्य उपशीर्षकमा चर्चा गरिएकाले यहाँ विश्लेषण गरिएन । शाहका प्रायः सूक्ति राष्ट्रप्रेममा आधारित छन् । यसबाट प्रमाणित हुन्छ कि शाह एक सच्चा देशभक्त शासक थिए ।

पृथ्वीनारायण शाहको दिव्योपदेशले पाठकलाई आफ्नो भविष्यको सपना आफैले देख्नुपर्छ भनेको छ । चन्द्रागिरीबाट काठमाडौँ उपत्यकाको नजर भएपछि शाह यसो भन्छन्- "मेरो मनमा यी तीनै सहरको राजा हुन पाया ता हुँदो हो भन्या यस्तो मनमा परिरह्याथ्यो" (पोखरेल, २०४३, पृ. १५४) । एकै नजरमा मनमा आएको भावलाई पृथ्वीनारायण शाहले पूरा गरिदिए । सपना नदेखी केही हुन्न भन्ने मार्मिक सन्देश यहाँ छ । काम गर्दा एक्लै गर्नुहुन्न, साथीभाइसँग सरसल्लाह गर्नुपर्दछ । दिव्योपदेशमा शाह भन्छन्,- "दिकवन्दसेनसित हाक दि आञाँ । नेपाल पनि देषि आञाँ हान्नाको मनसुवा पनि राषी आञाँ । ... कति कुराले मेरो काज फत्ते होला, अर्ति बक्सनु भया हुँदो हो ।" (पोखरेल, २०४३, पृ. १५४-१५५) । यसरी मामा र भाइभारदारहरूसँग सल्लाह गरी अगाडि बढेकाले पृथ्वीनारायण शाह नेपाल एकीकरण गर्न सफल भएका हुन् । कुन जातका सिपाहीलाई अगाडि बढाए युद्ध जितिएला भनी शाहले आफ्ना मामासँग सुझाव माग्छन् - मेरा साथमा चार जात (बाहुन, खस, मगर र ठकुरी) का सिपाही छन् । यिनमा कसको सवार गरे चौडो काम फत्ते होला ? मामा भन्छन्- "बाहुनको सवार भन्याको वयेल हो, पातक् लाग्छ । ठकुरीको सवार भन्याको सिङ्घ हो पछाडि दगा हुन्छ । मग्रको सवार भन्याको टागन घोडा हो ढिलो हुन्छ । षसको सवार भन्याको ताजि तुर्कि घोडा हो । षसको सवार गऱ्या चाँडो होला भन्या जस्तो लाग्छ" (पोखरेल, २०४३, पृ. १५५) । मामाको सुझावअनुसार पृथ्वीनारायण शाहले सेना परिचालन गरी युद्ध जितेका थिए ।

## निष्कर्ष

नेपाली भाषा नेपालको राष्ट्रभाषाका साथै सम्पर्क भाषा पनि हो ।

नेपाली भाषाको लेखन कार्य सिंजासाम्राज्यका शासकहरूबाट सुरु भएको पाइन्छ। आदि पाल तथा नागवंशका प्रभावशाली शासकहरूले तत्कालीन खस भाषालाई राजकीय मान्यता दिएर अभिलेखमा सामेल गराए। यात्रीले दामु पालको शिलालेख (वि.सं. १०३८) लाई सर्वप्राचीन माने पनि त्यसले मान्यता पाउन सकेन। मोहनप्रसाद खनाल (वि.सं. २०६८) ले वामु खड्काको स्तम्भलेख (वि.सं. ११५१) प्रकाशित गरेपछि नेपाली भाषामा लेखिएको पहिलो अभिलेख भनी मान्यता पाएको देखिन्छ। त्यसपछि विभिन्न अभिलेख, वाङ्मय ग्रन्थ आदिको रचना हुन पुगेको पाइन्छ। त्यही पृष्ठभूमिमा पृथ्वीनारायण शाहको दिव्योपदेश (वि.सं. १८३१) लेखिएको हो। लेखक अज्ञात रहे पनि दिव्योपदेशका स्रष्टा पृथ्वीनारायण शाह नै हुन्।

यस आलेखमा सूक्तिको सैद्धान्तिक अवधारणाका आधारमा थिम वा चलहरूको चयन गरिएको हो। अर्थनीति, उपदेश परम्परा, कूटनीति, कृषि तथा व्यापार, धर्मसंस्कृति, परराष्ट्रनीति, युद्धनीति, राजनीति, राष्ट्रप्रेम जस्ता चलहरूलाई आधार मानी यिनै चलका आधारमा विश्लेषण गरिएको छ।

नेपाली गद्य आख्यानेतर साहित्य (निबन्ध) तथा भाषिक विशिष्टता बोकेको दिव्योपदेशमा राजनीति, अर्थनीति, देशप्रेम, कृषि, युद्ध परराष्ट्र, सुशासन आदि विषय समेटिएका छन्। विषयहरू सङ्गठित नभई छिरलिएर आएका छन्। शाहले जे भने लेखकले त्यही लेखेकाले यहाँ लेखकीय भूमिका देखिँदैन। दिव्योपदेशमा व्यक्त गरिएका सम्पूर्ण सूक्तिहरू पृथ्वीनारायण शाहकै भएको पुष्टि गरिएको छ। राष्ट्रप्रेमी तथा दूरदर्शी शासक शाहले करिब २५० वर्ष अगाडि भनेका कुरा समसामयिक महत्त्व राख्दछन्। तसर्थ दिव्योपदेश ऐतिहासिक सामग्री भएर पनि समसामयिक छ, नेपालको सन्दर्भमा विशेष महत्त्व राख्दछ।

नेपाली भाषामा सूक्तिको प्रयोग त्यति भएको पाइँदैन। सूक्तिका हिसाबले दिव्योपदेश बेजोड कृति रहेको अध्ययनको निष्कर्ष छ। यहाँ प्रस्तुत सूक्तिहरू विचारोत्तेजक, प्रभावशाली, समसामयिक, ऐतिहासिक महत्त्व बोकेका तथा नेपाली भाषाको जीवन्त चित्र उतार्न सफल देखिन्छन्। शाहले आफूले जीवन जगत्‌बाट प्राप्त गरेका अनुभव, ज्ञान, अनुभूतिलाई ज्यादै मिठो ढङ्गले सूक्तिका रूपमा प्रस्तुत गरेकाले पनि दिव्योपदेशको उत्कृष्टता प्रमाणित हुन्छ। दिव्योपदेशलाई भाषिक कोणबाट, समाजशास्त्रीय कोणबाट थप अध्ययन गर्न सकिन्छ। अग्रजहरूबाट दिव्योपदेशको मूल पाठ प्रकाशन गरे पनि र केही विद्वान्‌ले शब्दार्थ प्रस्तुत गरे पनि यसको पूर्ण अध्ययन हुन सकेको छैन। यो आलेख दिव्योपदेशमा व्यक्त भएका सूक्तिहरूको विश्लेषणमा मात्र केन्द्रित गरिएकाले अन्य पक्षको अध्ययन अनुसन्धान बाँकी रहेको पुष्टि हुन्छ। सूक्तिको सैद्धान्तिक अवधारणाका आधारमा चयन गरिएका चलहरूलाई आधार मानी यो आलेखलाई व्यवस्थित र सङ्गठित गरिएको छ। एउटै कृतिमा अनेकौँ ढङ्गले विश्लेषण गर्न मिल्ने पृथ्वीनारायण शाहको दिव्योपेदश सूक्तिका हिसाबले उत्कृष्ट रहेको छ। सूक्तिका माध्यमबाट शाहले दिव्योपदेशमा राष्ट्रप्रेमको स्वर उरालेका छन्। देशभक्तिका लागि दिव्योपदेश ज्वलन्त दृष्टान्त बनेको छ।

## सन्दर्भ सूची


आचार्य, बाबुराम (२०६१), श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहको जीवनी (दोस्रो संस्करण), श्री ५ बडा महाराजाधिराजको संवाद सचिवालय।

आप्टे, वामन शिवराम, (सन् १९६९), *संस्कृत हिन्दी कोश,* मोतीलाल बनारसीदास पब्लिसर्स।

खनाल, मोहनप्रसाद, (२०६८), *नेपाली भाषाका हजार वर्ष.* राइनो पब्लिकेसन प्रा.लि.।

घोडासैनी, खगेन्द्र. (२०७९), “एपिए सातौँ संस्करणका प्रावधानहरू”, *हैमप्रभा* (अङ्क २१), पृ. ४२-५९)। https://doi.org/10.3126/haimaprabha.v21io1.44839

तिमिल्सिना, बाबुराम. (सन् २०१९). *संस्कृत सूक्ति र नेपाली लोकोक्तिको तुलनात्मक अध्ययन एवम् विश्लेषण,* [विद्यावारिधि शोधप्रबन्ध. कला सङ्काय], काशी हिन्दु विश्वविद्यालय।

तिमिल्सिना, यमनाथ (२०६३), *नेपाली अभिलेखीय शब्दको अध्ययन,* [विद्यावारिधि शोधप्रबन्ध. त्रिभुवन विश्वविद्यालय], नेपाली केन्द्रीय विभाग।

द्विवेदी, कपिलदेव, (सन् १९९७), *भाषाविज्ञान एवम् भाषाशास्त्र* (पञ्चम संस्करण), विश्वविद्यालय प्रकाशन।

पन्त, नयराज, (२०४२), *श्री ५ पृथ्वीनारायण शाहको दिव्योपदेश,* नेपाल प्रौढ सङ्गठन।

पोखरेल, बालकृष्ण, (२०२०), *पाँच सय वर्ष,* जगदम्बा प्रकाशन।

पोखरेल, बालकृष्ण, (२०४३), *पाँच सय वर्ष* (दोस्रो संस्करण). साझा प्रकाशन।

पोखरेल, बालकृष्ण, (२०७५), *खस जातिको इतिहास* (दोस्रो संस्करण), फिनिक्स बुक्स।

बिम्स, जोन, (सन् १८७२), *अ कम्प्यारेटिभ ग्रामर अफ द मोर्डन आर्यन ल्याङ्ग्वेजेज अफ इन्डिया,* टुवनर।

यात्री, पूर्णप्रकाश नेपाल, (२०३९), *राजा गगनिराजको यात्रा,* नेसनल रिसर्च एसोसिएटस्।

यात्री, पूर्णप्रकाश नेपाल, (२०५३), *नेपाली भाषाको ऐतिहासिक*

*मीमांसा,* नेसनल एकता बुक्स ।

योगी, नरहरिनाथ, (२०१२/०१३), इतिहास प्रकाश २:१, इतिहास प्रकाश सङ्घ ।

लुइँटेल, खगेन्द्र, (सन् २०२०), "पृथ्वीनारायण शाहका दिव्योपदेशको वस्तुवादी विश्लेषण", *समकालीन साहित्य* samakalinsahitya.com/sahitya/details/6687.

शर्मा, झमकप्रसाद. (२०५७), *उखानमूलक लोककथाहरूको सँगालो,* इन्दिरा शर्मा ।

शर्मा, राजमणि. (सन् २०००). आधुनिक भाषाविज्ञान (तेस्रो संस्करण). वाणी प्रकाशन ।

शर्मा, सुकुम. (२०७४), 'नेपाली व्याकरणको इतिहास', *जगदम्बा नेपाली साहित्यको बृहत् इतिहास* (पहिलो ठेली). कमलमणि प्रकाशन, पृ. १२७-३०४) ।